# चुलाचुली गाउँपालिका
# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०

कार्यपालिका बैठकबाट स्वीकृत मिति २०८०/८/१४

**प्रस्तावना**

चुलाचुली गाउँपालिका ईलाम भित्र स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाले एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८० स्वीकृत गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०" रहेको छ।

(ख) यो निर्देशिका गाँउ कार्यापालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले चुलाचुली गाउँपालिका, इलामलाई सम्झनु पर्छ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी तोकिएको शुल्क सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :**

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| (क) गाँउपालिका अध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) अस्पताल रहेको वडाको वडाध्यक्ष | सदस्य |
| (घ) प्रतिनिधि, रेडक्रस सोसाईटी | सदस्य |
| (ङ) चुलाचुली अस्पताल प्रमुख | सदस्य |
| (च) गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्यपालिकाका पदाधिकारीको बैठक भत्ता सरह हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचार संहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचार संहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचार संहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासे तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिले निर्धारण गरेको भाडादरको आधारमा भाडादर निर्धारण गर्ने र अनुगमन गर्ने ।

(ङ) गाँउपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(च) चालकले निर्धारित भाडादर बमोजिम शुल्क लिए/नलिएको तथा बैककमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिले अद्यावधिक विवरण सहितको बार्षिक प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची-१ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाँउपालिकाको आन्तरीक आम्दानी खातामा जम्मा गर्नु गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाँउपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाँउपालिकामा राखिने छ ।

(४) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम गाँउ कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गरिने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एमबुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिदमा खर्च गरिनेछ ।

**६. चालकको नियुक्ती र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाँउ कार्यपालिकाले निम्नानुसारको योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(क) हलुका सवारी चालक अनुमतिपत्र लिएको ।

(ख) सवारी चालकको रुपमा न्युनतम ५ वर्ष को अनुभव प्राप्त गरेको ।

(ग) प्राथामिक उपचारको तालिम प्राप्त गरेको ।

(घ) २५ वर्ष उमेर पुरा भएको ।

(२) चालकको सेवा सुविधा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको दुर्घटना विमा गरिनेछ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची-२ बमोजिम हुनेछ ।

**७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :**

(१) एम्बुलेन्स चुलाचुली गाँउपालिका वडा नं. २ मा रहेको चुलाचुली आधारभुत अस्पतालमा हुनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।

**८. छुट :**

(१) चुलाचुली गाँउपालिका भित्र स्थायी बसोबास भएका नागरिकहरुलाई एम्बुलेन्स सेवा प्रयोगमा निम्नानुसारको छुट सुविधा उपलब्ध गराइने छ । सोको प्रमाण सेवाग्राहीले पेश गर्नुपर्नेछ ।

(क) ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई एम्बुलेन्स शुल्कमा पुर्ण छुट ।

(ख) प्रसुती हुन अस्पताल जाने गर्भवती महिलालाई एम्बुलेन्स शुल्कमा पुर्ण छुट ।

(ग) क वर्गको अपाँगता परिचय पत्र प्राप्त गरेका व्यक्तिलाई एम्बुलेन्स शुल्कमा पुर्ण छुट ।

(घ) आर्थिक रुपमा अति विपन्न नागरिकलाई सम्बन्धित वडाको सिफारिसको आधारमा एम्बुलेन्स शुल्कमा ५० प्रतिशत छुट ।

**९. विविध :**

(१) एम्बुलेन्समा तोकिए बमोजिमको न्यूनतम सेवा सुविधा तथा औषधीको राख्नु पर्नेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्तको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर गाँउ कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची १
निर्देशिकाको दफा-५ सँग सम्बन्धित
एम्बुलेन्स प्रयोग सम्बन्धी सेवा शुल्क

| क्र.सं. | देखि | सम्म | दररेट (रु.) |
|---|---|---|---|
| १ | चुलाचुली गाँउपालिका | चुलाचुली गाँउपालिका | ५ कि.मि. सम्म रु.१०००।० |
| २ | चुलाचुली गाँउपालिका | चुलाचुली गाँउपालिका | ५ कि.मि. भन्दा माथि रु.१५००।० |
| ३ | चुलाचुली गाँउपालिका | दमक | रु.८००।० |
| ४ | चुलाचुली गाँउपालिका | विराटनगर | रु.३८००।० |
| ५ | चुलाचुली गाँउपालिका | धरान | रु.३५००।० |
| ६ | चुलाचुली गाँउपालिका | चितवन | रु.२३५००।० |
| ७ | चुलाचुली गाँउपालिका | काठमाडौं | रु.२३५००।० |
| ८ | चुलाचुली गाँउपालिका | बिर्तामोड | रु.२०००।० |
| ९ | चुलाचुली गाँउपालिका | सिलिगुढी | रु.५७००।० |
| १० | चुलाचुली गाँउपालिका | इलाम | रु.८०००।० |
| ११ | चुलाचुली गाँउपालिका | चारआली | रु.२५००।० |
| १२ | चुलाचुली गाँउपालिका | काँकडभित्ता | रु.३०००।० |
| **माथि उल्लेखित बाहेकका अन्य स्थानमा जानु परेमा निम्नानुसार भाडा दर कायम हुनेछ ।** | | | |
| १३ | पहाडी क्षेत्र पिच बाटो प्रति किलोमिटर | | रु.३५।० |
| १४ | पहाडी क्षेत्र कच्ची बाटो प्रति किलोमिटर | | रु.४५।० |
| १५ | तराई क्षेत्र पिच बाटो प्रति किलोमिटर | | रु.२५।० |
| १६ | तराई क्षेत्र कच्ची बाटो प्रति किलोमिटर | | रु.३५।० |

अनुसूची २

(निर्देशिकाको दफा ६ को उपदाफा (४) सँग सम्बन्धीत)

**एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचार संहिता**

१. एकिकृत एम्बुलेन्स तथा पुर्व अस्पताल सेवा संचालन निर्देशिका, २०७७ लाई पूर्णताः पालना गर्नु पर्ने ।

२. आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्ववसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्नु नहुने ।

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने ।

४. बिरामीको ओसारपोसार तथा उपचार गर्ने क्रममा बिरामी तथा विरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नु पर्ने ।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनु पर्ने ।

६. आफ्नो पेशागत क्षमता सुधार गर्दै लैजानुका साथैं आफुमा भएका पेशागत क्षमता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७. कुनै पनि बिरामीले एम्बुलेन्स सेवा प्रयोग गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नु पर्ने ।

८. बिरामीलाई बीच बाटोमा छाडुनु नहुने ।

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नु पर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्ने वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना जानकारी दिन सक्ने ।

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने ।

११. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनु पर्ने ।

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नु पर्ने ।

म ................................ (नाम) .............. जिल्ला ............. गाउँपालिका/नगरपालिका वडा नं. ......... बस्ने ......................... ना.प्र.प.नं. र ........................... सवारी चालक अनुमती पत्र नं. .................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । इलाम जिल्ला ................................ संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पुर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :
दस्तखत :
मिति :

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको :
दस्तखत :
नाम/पद :
मिति :
संस्थाको छाप :